नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

फोन नं. : ०४१ - ५२०१६६
फ्याक्स : ०४१ - ५२०८५०
Email : janakpur@customs.gov.np

# जनकपुर भन्सार कार्यालय

जनकपुरधाम, धनुषा

मिति: २०८३।०१।०८

## लिलामीको ७ दिने सूचना

यस कार्यालयमा अवैध पैठारी/निकासीको अभियोगमा बादी नेपाल सरकार र प्रतिवादी बेवारीसे भएको भन्सार निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दर्ता भएको देहाय बमोजिमको मालवस्तु जे जस्तो अवस्थामा छ सोही अवस्थामा भन्सार नियमावली २०६४ को नियम ३६(५) बमोजिम खुल्ला बोलकबोलद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएको हुदाँ ईच्छुक व्यक्ति, फर्म, तथा संस्थालाई डाँक बढावढमा भाग लिनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन मिति २०८३।०१।१४ गते (सो दिन सार्वजानिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन) दिनको १३:०० बजे देखि १५:०० बजे सम्म यस कार्यालयको परिसरमा डाँक बढावढ हुनेछ । लिलाम लिन ईच्छुक फर्म/कम्पनीले अनिवार्य रुपमा आयकर, मु.अ. करको दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोबार गर्न प्राप्त इजाजत पत्र र आ.व. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । डाँक बढावढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा कम्पनीको कबोल रकम स्वीकृत गरिने छ ।कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्र आफुले कबोल गरेको मालबस्तुको मुल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (मू.अ.कर.अन्तःशुल्क) रकम समेत भुक्तानी गरी मालवस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्यादभित्र मालबस्तु उठाई नलगेमा भन्सार नियमावली २०६४ को दफा ३६ मा भएको व्यवस्था अनुसार हुने व्यहोरा समेत सुचित गरिन्छ । डाक बढावढमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम राष्ट्रिय बाणिज्य बैंक जनकपुरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाको धरौटी खाता नं १२२०१००१०२०३०००० मा जनकपुर भन्सार कार्यालयको कोड (३०५०३१७०१) मार्फत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ । डाँक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आइ बुझ्न सकिने छ । यस सुचनामा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ । यो सुचना भन्सार विभागको website.www.customs.gov.np / janakpur@customs.gov.np मा समेत हेर्न सकिनेछ ।

तपसिल

| सि.नं. | दर्ता मिति | मुद्दा नं. | मालवस्तुको विवरण | प्रतिवेदन मुल्य |
|---|---|---|---|---|
| १ | २०८२।१२।१८ | ०३४० | रातो कार्पेट ३ थान | ५०००० |
| २ | २०८२।१२।१९ | ०३४१ | खुर्सानी १०० के.जी. जिरा ३० के.जी. ज्वानो ५५ के.जी. पाउडर दुध ४५ के.जी. | १००३०० |
| ३ | २०८२।१२।१९ | ०३४२ | Sweet Crush ७९२ प्याकेट(२२ कार्टुन) Fun Pup १४० प्याकेट (५ कार्टुन) Velvet चक्लेट ९१२ प्याकेट (३८ कार्टुन) | ४१६८०० |
| ४ | २०८२।१२।१९ | ०३४४ | लेडिज सेण्डिल चप्पल (ठुलो,सानो) ९८० जोर सुती साडी | ५०९६४० |
| ५ | २०८२।१२।२० | ०३४५ | काजु २१ डिब्बा (२१० के.जी) | ३१५००० |

ईति सम्वत २०८३ साल ०१ महिना ०८ गते ०३ रोज शुभम् ।

प्रमुख भन्सार अधिकृत